## सिंचाई व्यवस्थापन

माटोको अवस्था हेरी आलु रोप्न जमिन तयार गर्नु भन्दा पहिले नै जमिनमा एकपटक हल्का सिंचाई गर्ने र बर्षात नभएको अवस्थामा कम्तिमा चार पटक सिंचाई दिनु पर्दछ । बढी चिस्यानका कारण फलिसकेका आलुका दानाहरु कुहिन सक्ने भएकोले आलु खन्नुभन्दा तीन हप्ता अगाडीबाट सिंचाई कार्य पुरै बन्द गर्नुपर्दछ ।

## हामपुलिङ

आलु उखेल्नुभन्दा ७-१० दिन अगाडि हामपुलिङ गर्नु पर्दछ । हामपुलिङ गर्नुभन्दा १० दिन अगाडि सिंचाई बन्द गर्नुपर्दछ । आलुको बोटलाई हातले समाती डाठ तल भुइँमा दुबै गोडाले थिची बोटमात्रै आउने गरी उखेल्नु पर्दछ वा बोट काटेर पनि हटाउन सकिन्छ । हामपुलिङ गर्दा बोक्रा बाक्लो हुन्छ, भण्डारण गर्दा रोग र कीरा कम लाग्दछ ।

## आलु खन्ने



आलुको बोट पहेंलिएर सुक्न थालेपछि वा बाली पाक्ने अवधि पुरा भएपछि बोक्रा छिप्पिइसकेको भए आलु खन्न सकिन्छ । दानामा चोटपटक नलाग्ने गरी होसियारीका साथ आलु खन्नुपर्दछ । आलु खनिसकेपछि आलुलाई चिसो ठाउँमा (१५-२० डिग्री से. तापक्रम) करिब एक हप्तासम्म बोक्रा छिप्याउन र खन्दा काटिएको घाउ पुर्नका लागि फिंजाएर राख्नुपर्दछ ।

## भण्डारण

आलु भण्डारण गर्नुभन्दा पहिले आलु खनिसकेपछि राम्ररी छहारीमा सुकाउनुपर्दछ । यसरी सुकाइसकेपछि आलुका दानाहरूलाई चिसो ठाउँमा राख्नुपर्दछ । तर तुषारोबाट भने राम्रोसँग बचाउने प्रयास गर्नुपर्दछ । भण्डार गरिएको ठाउँमा हावाको संचार राम्रो हुनुपर्दछ । यसरी भण्डारण गर्ने काम गर्दा खायन आलुलाई अँध्यारो ठाउँमा बीउ आलुलाई सोझै सूर्यको प्रकाश नपर्ने गरी उज्यालो ठाउँमा राख्नुपर्दछ ।


प्रकाशक

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय



**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१-५३००२७/३०२२५
Email : akcbanke@gmail.com
Website: akcbanke.gov.np



आ.व. २०८१/८२


# आलु खेति प्रविधि



## हावापानी

आलुको खेती चिसो हावापानी वा मौषममा गर्न सकिन्छ । आलुको लागि १५-२२ डिग्री सेल्सियस सम्मको तापक्रम उपयुक्त हुन्छ । रातीको तापक्रम दाना बन्नको लागि १५-२० डिग्री सेल्सियस र दाना बढ्नका लागि १५ डिग्री सेल्सियस उत्तम मानिन्छ।

## माटो, जमिनको तयारी र मलखाद

आलु खेतीको लागि प्रशस्त प्राङ्गारिक पदार्थ भएको बलौटे दोमट माटो राम्रो मानिन्छ । माटोको पि. एच. ५-६.५ सम्म राम्रो मानिन्छ । आलु लगाउने जमिन कम्तिमा २५ से.मी. सम्म जोती डल्ला फुटाई झारपातहरु हटाउनु पर्दछ । राम्ररी पाकेको कम्पोष्ट मल, डिएपी, पोटास र युरियाको आधा भाग जमिन तयारी गर्दा र युरियाको आधा भाग टपड्रेस गर्दा दिनु पर्दछ । आलुको लागि आवश्यक मलखाद यस प्रकार रहेको छ;

| मलखाद | खायन आलुको लागि केजी प्रति कठ्ठा | औद्योगिक आलुको लागि केजी प्रति कठ्ठा |
|---|---|---|
| कम्पोष्ट | १००० | १००० |
| युरिया | ४.५ | ८ |
| डिएपी | ७ | १५ |
| पोटास | ३.५ | १० |


## आलुका जात र लगाउने समय

राम्रो उत्पादन लिनका लागि उपयुक्त मौसम र हावापानीका दृष्टिले उपयुक्त जात छनौट गर्नु पर्दछ । तराइ क्षेत्रमा कार्तिक देखि मङ्सिर महिना भित्र आलु लगाउनु उपयुक्त मानिन्छ । खायन आलु (तरकारी) को रुपमा तराई क्षेत्रका लागि कार्डिनल, कुफ्री सिन्दुरे, डेजिरे, खुमल रातो २, खुमल उपहार, आई.पी.वाई. ८, खुमल सेतो ३ आदि जातहरु सिफारिस गरिएका छन् । प्रशोधनका लागि उपयुक्त मानिने औद्योगिक आलुका रुपमा नेदरल्याण्डमा विकसित निम्नानुसारका जातहरुलाई तराई देखि १३५० मिटर उचाई सम्म लगाउन सिफारिस गरिएका छन्;

१. **अल्भरस्टोन रुसेटः** यो जात अत्यन्तै न्यून सुगरको मात्रा, सेतो रंगको गुदी र लामो भण्डारण क्षमता तथा तेलमा तार्दा राम्रो रंग दिने भएकाले फ्रेन्च फ्राई तथा फ्रोजन उत्पादनका लागि उपयुक्त मानिन्छ । रातो खैरो बोक्रा, उच्च उत्पादकत्व र कृष्पी बनावट भएको यो आलुलाई तरकारीको रुपमा पनि प्रयोग गर्न सकिन्छ ।

२. **इनोभेटरः** ठुला दाना हुने यस जात अल्भरस्टोन रुसेट जस्तै हुन्छ, यद्दपी यसको गुदी हल्का पहेंलो रंगको हुन्छ ।

३. **सागीटाः** अन्य गुण अल्भरस्टोन रुसेट/इनोभेटर जात समान नै हुने यस जातको बोक्रा भने हलुका पहेंलो रंगको हुन्छ ।





| अल्भरस्टोन रुसेट | इनोभेटर | सागीटा |
|---|---|---|

## बीउको व्यवस्था र उपचार



बीउको व्यवस्था गर्दा आफैले उत्पादन गरेको स्वस्थ बीउ वा भरपर्दो श्रोतबाट मात्र बीउ ल्याई खेती गर्ने गर्नु पर्दछ । रोप्ने समयमा बीउ आलुमा हरिया, मोटा र धेरै टुसाहरु आईसक्नु पर्दछ। टुसाएको बीउ रोप्नाले आलु छिटो र एकनासले उम्रन्छ र उत्पादन पनि बढ्दछ । ठूलो दाना प्रयोग गर्दा बीउमा बढी खर्च लाग्दछ भने र साह्रै सानो दाना रोप्दा पनि उत्पादन निकै कम हुन सक्दछ । त्यसैले, २५-५० ग्राम सम्म तौल भएका बीउ आलुका दानाहरु नकाटी रोप्न उपयुक्त हुन्छ तर खायन आलु उत्पादनका लागि काटेर पनि रोप्न सकिन्छ । दाना काट्दा ठाडो बनाएर काट्ने र हरेक टुक्रामा कम्तिमा पनि २-३ वटा स्वस्थ टुसाहरु पर्ने गरी टुक्रा पार्नुपर्दछ । काटेका दानालाई एक लिटर पानीमा डाईथेन एम ४५ बिषादी २ ग्राम मिसाई सो झोलमा १ घण्टा डुवाई छायाँमा सुकाउनु पर्दछ र अनि रोप्नु पर्दछ । आलु काट्न प्रयोग गर्ने चक्कु प्रत्येक पटक निर्मलीकरण गर्नुपर्दछ। बीउ आलु काट्ने बित्तिकै नरोपीकन २-३ दिनपछि रोप्नाले बीउको काटिएको भागमा खाटा जम्दछ र बीउ आलु सुक्ने तथा सड्ने समस्या कम हुन्छ ।

## बीउ दर र रोप्ने तरिका

आलुको बीउ दर बीउको आकार, बीउ रोप्ने दुरी र ड्यांगको दुरीमा फरक पर्दछ । बीउ रोप्ने दुरी पनि माटोको किसिम, सिंचाई साथै आलुको जात अनुसार फरक पर्छ । साधारणतयाः ४०-५० ग्राम साइजको बीउ ५०-७५ केजी प्रति कठ्ठा आवश्यक पर्दछ । तरकारी प्रयोजनका लागि गरिने खेतिमा ६०सेमी ×२०सेमी र आद्योगिक प्रयोजनका लागि ७० सेमी ×२५-३० सेमी को लाइन देखि लाइन र बोट देखि बोटको दुरी कायम गर्नु पर्दछ ।

## गोडमेल र उकेरा दिने



झारपातको नियन्त्रण गर्न एवं माटोभित्र वायु संचारलाई बढाउन, बृद्धि र विकास भई रहेका नयाँ आलुका दानाहरुलाई घाम, गर्मी, कीरा आदिबाट बचाउन गोडमेलको आवश्यकता पर्दछ । बोटको उचाई १५-२० से मी भएपछि एकपटक र आवश्यक भएको खण्डमा दुई महिनापछि अर्को गोडमेल गर्न सकिन्छ। आलु लगाएको एक डेढ महिनापछि गोडमेल गर्ने र झारपात हटाई राम्रोसंग माटो चडाउनु पर्दछ। यसो गर्दा आलु माटो बाहिर निस्कदैन र हरियो हुदैन ।